नेपाल राष्ट्र बैंक

जनकपुर कार्यालय

# सामान लिलाम सम्बन्धी सिलबन्दी बोलपत्र आह्वानको सूचना

**(प्रकाशित मितिः २०७९/०९/०८)**

यस कार्यालयका देहाय बमोजिमका शीर्षक अन्तर्गतका सामानहरु जे जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम बिक्री गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति वा फर्महरुबाट बोलपत्र खरिद गरी ८ औं दिन दिउँसो १२ बजे भित्र (उक्त दिन बिदा परेमा त्यसपछि कार्यालय खुलेको पहिलो दिन) देहायको शर्तको अधिनमा रही सिलबन्दी बोलपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

**विवरणः**

| समुह | लिलाम हुने सामान | भ्याट सहित न्यूनतम मूल्य (रु.) |
|---|---|---|
| क) | कम्प्यूटर एण्ड एक्सेसरिज | १५,८२२।- |
| ख) | अन्य सम्पत्ती | १,०८०।- |
| ग) | फर्निचर फिक्स्चर्स | ११,६८६।- |
| घ) | कार्यालय उपकरण | ३१,८६८।- |
| ङ) | अन्य फुटकर सम्पत्ती | ५५,०८५।- |
| | कुल न्यूनतम मूल्य | १,१५,५४१।- |
| | अक्षरेपी एक लाख पन्ध्र हजार पाँच सय एकचालिस मात्र । | |

१. लिलाम सिलबन्दी बोलपत्र खुल्ने स्थान, समय र मितिः

क) स्थानः नेपाल राष्ट्र बैंक, जनकपुर कार्यालय ।

ख) समयः दिउँसो २:०० बजे

ग) मितिः २०७९/०९/१७

२. बोलपत्रका साथ कबोल गरेको रकमको पाँच प्रतिशतले हुन आउने रकम यस कार्यालयको स.क्रे. हिसाब नं. १६०९९९-०११-०००-५२४ मा नगद जम्मा गरेको सक्कल भौचर समावेश गर्नु पर्नेछ ।

३. लिलाम सम्बन्धी बोलपत्र स्वीकृत भएको जानकारी दिएको मितिले तीन दिन भित्र सम्झौता गर्नु पर्नेछ । अन्यथा बोलपत्र रद्द गरी धरौटी वापतको रकम जफत गरिनेछ ।

४. बोलपत्र फाराम रु ५००।- (फिर्ता नहुने गरी) बुझाई यस बैंकको जनकपुर कार्यालयबाट ७ औं दिनको बैंकिङ समय भित्र लिन सकिनेछ । उक्त रकम यस बैंकको ना.नो.आ.हिसाब नं. १६००००-०३०/००२/५२४ मा जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्नेछ ।

५. लिलाम हुने सामानहरुको विवरण तथा सोको न्यूनतम मूल्य यस कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ । लिलाम हुने सामान हेर्न/बुझ्न चाहेमा कार्यालय समयमा कार्यालयको आन्तरिक प्रशासन फाँटमा सम्पर्क राख्न सकिनेछ ।

६.लिलाममा भाग लिने ईच्छुक व्यक्तिले नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि वा आफ्नो परिचय खुल्ने प्रमाणित कागजात र ईच्छुक फर्म वा कम्पनीले आफ्नो ईजाजतपत्र तथा फर्म वा कम्पनी दर्ता प्रमाणपत्र (नवीकरण गरिएको), स्थायी लेखा नम्बर वा मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणित प्रतिलिपि पेश गर्नुपर्नेछ ।

७.प्रत्येक समूहमा न्यूनतम मूल्यांकन लिलाम मूल्य भन्दा बढी रकम तथा कुलमा सबैभन्दा बढी रकम कबोल गर्नेको बोलपत्र स्वीकृत गरिनेछ ।

८. बोलपत्र सम्बन्धी यो सूचना यस बैंकको वेवसाइट www.nrb.org.np मा पनि हेर्न सकिनेछ ।